## १.सूचीकरण र योगदान रकम संकलन

सामाजिक सूरक्षा कोषबाट हाल सञ्चालनमा ल्याइएका योजनाहरू औपचारिक क्षेत्रभित्र नीजि क्षेत्रलाई मात्र समेटिएकाले अन्य क्षेत्रमा समेत चरणबद्ध रूपमा प्रवेश गर्नु संवैधानिक र कानुनी मार्गदर्शन रहेको देखिन्छ । सामाजिक सुरक्षा योजनाहरूको कार्यान्वयनको अनुभव र परिपक्वतासँगै भविष्यमा सबै क्षेत्रमा सामाजिक सुरक्षा योजनाहरू कोषबाटै सञ्चालन हुने योगदानमा आधारित सामाजिक सुरक्षा ऐनले पथप्रदर्शित गरेको छ।

सामाजिक सुरक्षा कोषमा सूचीकरण हुनका लागि सम्बन्धित रोजगारदाता सर्वप्रथम सूचीकृत हुनुपर्ने हुन्छ । तत् पश्चात् आफू अन्तर्गत श्रम सम्बन्ध कायम भएका सबै श्रमिकहरूको सूचीकरण गर्नुपर्दछ । वि.स.२०७५ मंसिर ११ गते देखि संगठित निजि क्षेत्रका प्रतिस्ठान र श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा सूचिकृत गर्ने र वि.स. २०७६ श्रावण ०१ देखि योगदान रकम संकलन गर्ने कार्य निरन्तर रुपमा अगाडी बढिरहेको सर्वविधितै छ | परिणामस्वरुप आ.व.२०७८/७९ को अन्त्यसम्म सूचीकरण र योगदान रकम संकलनको जम्मा प्रगति निम्नानुसार रहेको छ |

| सूचीकरण | आ.व.२०७८/७९ तेस्रो त्रैमाषिक सम्मको प्रगति | आ.व.२०७८/७९ चौथो त्रैमाषिकको प्रगति | आ.व.२०७८/७९ चौथो त्रैमाषिक सम्मको जम्मा प्रगति |
|---|---|---|---|
| रोजगारदाता (जना) | १७०३६ | १५६ | १७१९२ |
| योगदानकर्ता (जना) | ३२७७५९ | १८९८५ | ३४६७४४ |
| योगदान रकम संकलन (रु) | १५२३५३४१७९८.४ | ५८४९८७३२०४.७ | २१०८५२१५००३.१ |

# २.दावी भुक्तानी विवरण

सामाजिक सुरक्षा योजना कार्यविधि अनुसार सुविधा भुक्तानी लिन अनलाइनमार्फत भुक्तानीका लागि निवेदन दिनुपर्ने र हरेक सुरक्षा योजनाको भुक्तानीका लागि अलगअलग निवेदनका ढाँचा व्यवस्था गरिएको छ। औषधी उपचार वापतको रकम अस्पताललाई नै भुक्तानी दिइने र पेन्सन, प्रसुती विदा, शिशु स्याहारलगायतका सुविधा वापतको रकम योगदानकर्तालाई बैंक खातामार्फत भुक्तानी गरिने व्यवस्था छ। तथापि आ.व.२०७८/७९ अन्त्यसम्म संरचनात्मक तयारीका अभावले गर्दा अधिकांश दाबी भुक्तानी म्यानुअल रुपमा गरिएको छ। अनलाइन र म्यानुअल रुपमा गरिएका सम्पूर्ण दाबी भुक्तानी विवरण देहायबमोजिम रहेको छ :

| | आ.व.२०७८/७९ तेस्रो त्रैमासिक सम्मको जम्मा प्रगति | | | आ.व.२०७८/७९ चौथो त्रैमासिकको प्रगति | | | आ.व.२०७८/७९चौथो त्रैमासिक सम्मको जम्मा प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | दावी गर्ने व्यक्तिको संख्या | दावी संख्या | दावी भुक्तानी रकम (लाख) | दावी गर्ने व्यक्तिको संख्या | दावी संख्या | दावी भुक्तानी रकम (लाख) | दावी गर्ने व्यक्तिको संख्या | दावी संख्या | दावी भुक्तानी रकम (लाख) |
| औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना | ८३७४ | १३३८४ | १५३२ | ५८३४ | ७९१३ | ७७४ | १४२०८ | २१२९७ | २३०६ |
| दुर्घटना तथा अशक्तता सुरक्षा योजना | ३४४ | ४९२ | १४५ | २७९ | ३५५ | ८५ | ६२३ | ८४७ | २३० |
| आश्रित परिवार सुरक्षा योजना | १८० | २३७५ | २४३ | २०८ | १३७७ | १३० | ३८८ | ३७५२ | ३७३ |
| वृद्ध अवस्था सुरक्षा योजना | १३४६० | १३५७६ | ८४६५ | ७३१५ | ७५७४ | ५२०९ | २०७७५ | २११५० | १३६७४ |
| जम्मा | २२३५८ | २९८२७ | १०३८६ | १३६३६ | १७२१९ | ६२०० | ३५९९४ | ४७०४६ | १६५८६ |

माथि उल्लेखित दाबीहरूमध्ये सबैभन्दा धेरै दाबी वृद्ध अवस्था सुरक्षा योजनामा परेको देखिन्छ। त्यसैगरी, दोस्रो, तेस्रो र चौथोमा क्रमशः औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र दुर्घटना तथा अशक्तता सुरक्षा योजनामा रहेका छन्।

**३. अन्तरक्रियात्मक , सचेतना, साक्षरता र प्रचार -प्रसारका कार्यक्रमहरु :**

- स्थलगत र भर्चुअल गरि चौथो त्रैमासिक अवधिमा मात्र द्दिपक्षीय र त्रिपक्षीय गरि ६४ वटा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिएको छ |
- सामाजिक सूरक्षा कोषले संचालन गरेका सुबिधा योजना सम्बन्धि गतिबिधि समेट्ने गरि ३ वटा जानकारीमूलक श्रब्य दृश्य सामग्री तयार गरि प्रसारण गरिएको |

**४. प्रविधि मैत्री सेवा- प्रवाह** :

- सूचीकरण, रोजगारदाता र योगदान कर्तालाई प्रमाणपत्र एवं परिचयपत्र उपलब्ध गराउने कार्य, कलसेन्टरका क्रियाकलापहरु प्रबिधिमैत्री बनाउदै FACE LESS सेवा प्रबाहलाइ प्राथमिकतामा राखिएको छ |
- योगदानाकर्ताद्वारा हुने योगदानरकम संकलन Multibank-Multichannel collection API UPGRADE गरि संचालनमा ल्याइएको छ |
- सुबिधा दाबी भुक्तानी ONLINE गर्ने गरि औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना र दुर्घटना तथा अशक्तता सुरक्षा योजना अन्तर्गतका दाबी (कोषसंग MOU गरिएका १२० अस्पत्ताल मध्ये) २६ वटा अस्पत्तालबाट सेवा प्रवाह, दाबी गर्ने र दाबी भुक्तानी गर्ने कार्य निरन्तर भैरहेको छ र बाकि (OFFLINE मार्फत गरिएका) तथा आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजना अन्तर्गतका दावी पनि कोषले ONLINE मार्फत भुक्तानी गरिरहेको छ।

**५ .अन्य :**

- आ.व.२०७८/७९ को प्रतिफल योगदानाकर्तालाइ वितरण गरिएको |
- आ.व.२०७७/७८ ज्येस्ठ र अषाढ महिनामा सरकारले बितरण गर्ने भनिएको योगदानाकर्ता र रोजगारदाता कोभिड राहत रकम स्वरूप रु १ अर्ब २५ करोड अर्थमंत्रालयबाट प्राप्त गरि वितरण गरिएको |
- आगामी श्रावण महिनादेखि उपलब्ध गरिने भनिएको योगदानाकर्ता सापटी को लागि आवस्यक कार्यविधि र सापटी मार्गदर्शन समेत स्वीकृति भएको |
- कोषको संगठन विकास प्रतिवेदन २०७८ अर्थमन्त्रालय बाट सहमति प्राप्त भै स्वीकृतिको लागि संचालक समितिबाट मन्त्रालयमा सिफारिस भएको |